# रघुगंगा गाउंपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मौवाफांट, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

**नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको शिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति :२०८०/०१/०५ गते)**

स्थानिय सरकार संचालन ऐन २०७४ दफा ११ को उपदफा २ को ६ बमोजिम ढुंगा, गिटि,बालुवा रोडा विक्रि गर्ने कार्यका लागि ठेक्का बाट गराउनु पर्ने भएकोले यस रघुगंगा गाउँकार्यपालिकाको कार्यालयले नदि हरुको स्विकृत घाट हरुबाट निर्धारित मापदन्ड वमोजिम नदि जन्य पदार्थ निकाली रघुगंगा गाउँकार्यपालिकाको कार्यालयले तोकेको दरमा विक्रि गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनिहरुले फर्मको नविकरण भएको प्रमाण पत्र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र आ.व.२०७८।०७९को कर चुक्ता प्रमाण पत्र संलग्न गरी तपशिल वमोजिमका सर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | सूचना नं./ठेक्का नं. | ठेक्काको नाम | उत्खनन गर्ने बगर र परिमाण ( क्यू.फि) | | न्यूनतम ठेक्का रकम (सेवाशुल्क र मू.अ. कर वाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०७९/०८० | ढुंगा,गिटि,बालुवा रोडा उत्खन्न संकलन तथा विक्रि वितरण | पेने बगर क्षेत्र रघुगंगा वार्ड नं ८ | १५०२९६ | १०५२०७५। | कबोल अङ्कको ५% | १०००।०० |
| २ | ०२/०७९/०८० | ढुंगा,गिटि,बालुवा रोडा उत्खन्न संकलन तथा विक्रि वितरण | छरि बगर रघुगंगा वार्ड नं ८ | ४७४६२। | ३३२२३४। | कबोल अङ्कको ५% | १०००।०० |
| ३ | ०३/०७९/०८० | ढुंगा,गिटि,बालुवा रोडा उत्खन्न संकलन तथा विक्रि वितरण | कोशेढुङ्गा बगर वार्ड नं ३ | ३२०३७। | २२४२५८ | कबोल अङ्कको ५% | १०००।०० |

**शर्तहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७८/७९ को करचुक्ता प्रमाणपत्र को प्रमाणित प्रतिलिपी बोलपत्र फाराम दस्तुर वापत प्रभु बैंकको धरौटी खाता मा जम्मा गरी सोको सक्कल बैंक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १५औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।१५औं दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. बोलपत्र भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको प्रभु बैंकको धरौटी खाता नं १६३०११००२३०००१२८ जम्मा गरी सोको सक्कल बैंक भौचर वा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को संशोधन बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी नब्बे दिनको म्याद सहित जारी गरिएको बिड बण्ड शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२.०वजे भित्र यस कार्यालयमा दर्ता गर्न सकिने छ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा सस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५. रीतपूर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि,निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा उल्लेखित कार्यहरु बिदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

६. Pre Bid बैठक यो सूचना प्रकाशित मितिले ७औं दिन दिनको २:००वजे रघुगंगा गाउपालीकाको कार्यालयमा हुनेछ ।ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ । उक्त दिन बिदा परेमा बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

७. नदिजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ ।

८. ठेक्का सम्बन्धी विस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

९. म्याद नाघी, रीत नपुगी र/वा शर्तसहित पेश हुन आएका बोलपत्रहरु स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई ठेक्का अंकको प्रथम किस्तावापत ५०प्रतिशत ले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्तावापत ५० प्रतिशत ले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८० साल श्रावणमसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी ठेक्कापट्टा उठाउनुपर्नेछ साथै अग्रिमरुपमा एकमुष्ट कबोल अंक दाखिला गरेमा कबोल अंकको १० प्रतिशतसम्म रकम छुट दिन सकिनेछ । साथै ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्ने छ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर ठेकेदारले छुट्टै बुझाउनु पर्नेछ ।

११. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्त गरिनेछ

१२. यस जिल्लाका नदि तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, म्याग्दी जिल्लाको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन तथा घाटगद्दी सम्बन्धी रघुगंगा गाउपालीकाको कार्यालय म्याग्दीबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

१३. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

१४. यस सम्बन्धमा प्रदेश सरकार बाट माथि उल्लेख गरिए भन्दा फरक निर्देशन प्राप्त भएमा सोहो बमोजिम हुने छ ।

(नोट :विस्तृत जानकारीको लागि यस कार्यालयको website:raghugangamun.gov.np मा समेत हेर्न सकिनेछ ।)

प्रमुख प्रशासकिय अधिकृत
रघुगंग गाऊपालिकाको कार्यालय

२०८०।०१।०५

प्रमुख प्रशासकीय अधिकृत